नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## २०८३

प्रमुख जिल्ला अधिकारी

जिल्ल  प्रशासन कार्यालय

सङ्खुवासभा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

# जिल्लाको चिनारी

**क्षेत्रफलः**
३४६८.१७ वर्ग किलोमिटर

**जनसंख्याः**
१,५८,७४२ (पुरुष ५०.३०% र महिला ४९.६५%)

**जमिनः**
कृषियोग्य - ८.२७०%
वन क्षेत्र - ५३.९७% (चरनक्षेत्र - ३.२७% समेत)

**संरक्षण क्षेत्रः**
८.२७५% (मकालु बरुण राष्ट्रिय निकुञ्ज)

**HDI ०.४८८**
*२५ औं स्थानको जिल्ला*




प्रमुख जिल्ला अधिकारी

खण्ड (१)

## १. विषय प्रवेश

नेपाल दक्षिण एसियाको महत्त्वपूर्ण वायु प्रणाली र मनसुनी हावापानीको क्षेत्रमा अवस्थित छ। मनसुनी वायु प्रणाली हिन्द महासागरमा विकास भई बङ्गालको खाडी हुँदै दक्षिण पूर्वी दिशाबाट नेपालमा प्रवेश गर्दछ। कूल वार्षिक वर्षाको लगभग ८० प्रतिशत मनसुनी वर्षाको रूपमा जेठ देखि असोजसम्मको चार महिनाको अवधिमा हुने गर्दछ भने बाँकी २० प्रतिशत वर्षा हिउँदको ८ महिनामा पश्चिमी वायु र स्थानीय वायु प्रणालीका कारण हुने गर्दछ। यसरी छोटो अवधिमा निरन्तर र ठूलो मात्रामा वर्षा हुँदा यसले विपद्को रूप लिने गर्दछ। प्राकृतिक रूपमै कमजोर भौगोलिक बनावट, भिरालोपना, नदीनालाको सञ्जालका कारण सङ्खुवासभा जिल्ला मनसुनजन्य प्रकोपको संकटासन्न अवस्थामा रहेको छ। जलवायु परिवर्तनको प्रभाव तथा अव्यवस्थित विकास निर्माणले मनसुनजन्य विपद् जोखिम अझ बढ्दो अवस्थामा छ। विशेष गरेर संखुवासभा जिल्लामा निर्माण भईरहेका जलविद्युत आयोजनाहरु आयोजनाका लागि निर्माण गरिएका अव्यवस्थित सडक मार्ग तथा सुरुङ्गमार्गले पहिरो तथा बाढीको जोखिम बढाएको छ। खोला, खहरे, नदीनालाको बहाव क्षेत्रको अतिक्रमण, अव्यवस्थित ढल निकास, पहाडी भिरालो जमिनमा बिना योजनाका सडक निर्माण र खनिज उत्खननका कारण पनि बाढी र पहिरोको जोखिम बढिरहेको छ। यसैगरी सडक अवरोध तथा दुर्घटना र झाडापखाला मनसुन अवधिमा हुनसक्ने थप प्रकोपहरु हुन ।

सङ्खुवासभामा असारदेखि असोजसम्मको झण्डै सय दिन मनसुन सक्रीय हुन्छ । मनसुनको यस अवधिमा पहिरो,बाढी, कटान, डुबान, चट्याङ, झाडापखाला, डेंगु, कालाज्वार, टाइफाइड जस्ता पानीजन्य प्रकोपहरुका कारण मानवीय क्षतिका साथै ठूलो भौतिक क्षति हुने गरेको छ । बाढी, पहिरो लगायतका बिपदबाट संवेदनशील पूर्वाधार तथा आधारभूत सेवाहरु अवरुद्ध हुने, आवतजावत बन्द हुने र जनजीवन प्रभावित हुने गरेको छ । यस जिल्लामा वार्षिक रूपमा विपदबाट प्रभावित हुने जनसङ्ख्या तथा आर्थिक क्षतिको ठूलो हिस्सा मनसुनजन्य विपद्को रहेको छ ।

स्थानीय तहहरु, विभिन्न गैरसरकारी संघ संस्थाहरू, विकास साझेदार एवं निजी क्षेत्र र समुदाय समेतको सहभागितामा नेपाल सरकारको तर्फबाट जिल्ला विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट बिगतदेखि नै जिल्लामा मनसुनजन्य विपदबाट हुने क्षतिको न्यूनीकरण र रोकथामको एकीकृत योजनामार्फत प्रयासहरु हुँदै आएको छ ।

## १.१ कार्ययोजनाको उद्देश्य

यस कार्ययोजनाका मुख्य उद्देश्य निम्नानुसार रहेका छन्:

१. नेपाल सरकारले प्रकाशन गरेको २०८३ सालको मनसुन पूर्वानुमानका आधारमा विपद्को जोखिम आँकलन गर्ने,
२. विगतका विपद्का घटना र प्रभावका तथ्याङ्कहरुको विश्लेषण गरि मनसुनजन्य विपद्को सम्भावित जोखिम पूर्वानुमान गर्ने,
३. स्थानीय तहहरु सुरक्षा निकायहरु र नेपाल रेडक्रससोसाइटी समेतका सरोकारवाला निकायको मनसुन पूर्वतयारी र प्रतिकार्यकार्य योजना एकीकरण गर्ने,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

४. मनसुनजन्य विपदबाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवं सौस्कृतिक सम्पदा तथा भौतिक संरचनाको संरक्षण गर्न मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा समन्वयात्मक र एकिकृत कियाकलाप तय गरी मनसुन प्रतिकार्यलाई प्रभावकारी बनाउने,
५. स्थानीय तहको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाउन आधार प्रदान गर्ने।

## १.२ कार्ययोजना निर्माण प्रक्रिया

यस मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्माणको क्रममा नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लगायत विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित कानून, नीति तथा योजनाको पुनरावलोकन गरिएको छ । जल तथा मौसम विज्ञान विभागले २०८३ सालको मनसुनका लागि तयार गरेको हावापानी आँकलन र संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधिको कार्यालयको सहयोगमा गरिएको वि. सं. २०८३ को मनसुनबाट प्रभावित हुनसक्ने जनसङ्ख्याको अनुमानलाई ध्यानमा राखिएको छ। साथै जलवायू परिवर्तनको कारणले हुन सक्ने असामान्य र अस्वभाविक

## १.३ कार्ययोजनाको कार्यान्वयन

विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ बमोजिम जिल्लास्तर र स्थानीय तहमा विपद् व्यवस्थापनका लागि संरचना तयार भएको छ। मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी तयारी अवस्थामा रहेको छ। यसको कार्यान्वयन संयन्त्र र योजना निम्न बमोजिम रहनेछ।

१. तीनवटै सुरक्षा निकायहरूमा खोज तथा उद्धारका लागि २९ जना विपद् व्यवस्थापन तालिम प्राप्त खोज उद्धार जनशक्ति तैनाथी अवस्थामा रहेको र आवश्यक परेमा खोज उद्धारको लागि थप जनशक्ति परिचालनको प्रबन्ध गरिनेछ ।
२. खोज उद्धार जनशक्ति, उपकरण तथा सामाग्रीको विवरण अद्यावधिक गरिनेछ।
३. बाढी पहिरोको कारण सडक अवरुद्ध भएमा तत्काल खुलाउनको लागि सुरक्षा निकायहरू, सडक सम्बद्ध कार्यालयहरु, आयोजनाहरु र जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरुसंग रहेका उपकरणहरू जिल्लाका विभिन्न स्थानमा तैनाथी अवस्थामा रहनेछन्।
४. जिल्ला सदरमुकाम र जिल्लाका विभिन्न स्थानमा मानवीय सहायता र बन्दोबस्तीका सामाग्रीहरूको प्रबन्ध गरिएको छ।
५. मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयमा फोकल पर्सन तोकी निज मार्फत सबै स्थानीयतहका विपद फोकल पर्सन सँग समन्वय र सहकार्य गरिनेछ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

# खण्ड (२)

## २. मनसुनजन्य विपद् जोखिमको अवस्था विश्लेषण

संखुवासभा जिल्लामा आकस्मिक बाढी, पहिरो, जमिन फाट्ने, खोला नदीमा डुब्ने, भारी वर्षा तथा चट्याङ मनसुनी विपद्का मुख्य समस्याहरू हुन।

भौगोलिक तथा जलवायुको अवस्था, जलवायुमा भइरहेको सूक्ष्म परिवर्तन, अव्यवस्थित मानव बस्ती र विकास, प्राकृतिक स्रोतको अनियन्त्रितदोहन, जथाभावी हुने गरेका संरचनाहरूको निर्माण तथा विपद् प्रतिकार्यमा रहेका कमी कमजोरी र हाम्रा परम्परागत विपद जोखिम न्यूनीकरणका विधि र परम्पराहरुलाई भुल्दै जाने लगायतका कारणहरूबाट मनसुनजन्य विपदका घटनाहरू घटदा जनधनको ठूलो क्षति हुने गरेको छ ।

## २.१ मनसुनजन्य विपद्को अवस्था

पहाडी र हिमाली भूभाग मात्र भएको संखुवासभा जिल्ला भिराला र अस्थिर पहाडहरुले बनेको छ। केहि पुराना पहिरोहरू पनि छन। हालैका वर्षहरुमा जलविद्युत आयोजनाहरुको विकास भइ रहेकोछ। यसका लागि खनिएका पहुच सडकहरु र जमिन मुनिका सुरुङहरुका कारण यहाँको भूगर्वमा स्वाभाविक प्राकृतिक स्वारुपमा परिवर्तन भएको छ। यी कारणहरुले पनि यस क्षेत्रमा बाढी र पहिरोका घट्नाहरु बढ्न सक्ने आँकलन गर्नु पर्दछ। यस्ता बाढी र पहिरोले सबै भन्दा ठूलो जोखिम यी जलविद्युत आयोजनाहरुलाई नै रहेको छ।

क) पहिरो

पहाडी क्षेत्रमा हरेक वर्ष पहिरोका कारण जनजीवन आक्रान्त बनेको छ । विगत १० वर्षको अवधिमा १४८ बटा पहिरोका घटना भएका र यसका कारण ८ जनाको मृत्यु, १३ जना बेपत्ता, १६ जना घाइते भएका छन् भने ३८ पूर्वाधारहरुको क्षति भएका छन् । यसबाट ४ करोड भन्दा बढी आर्थिक क्षति भएको छ । संखुवासभाका ७६ वडाहरु मध्ये ३९ वडाहरु पहिरोको प्रकोपबाट प्रभावित रकेका छन भने विगत १० वर्षमा ३६ वटा वडाहरुले पहिरोको क्षति व्यहोर्नु परेन । यसमध्ये मादी नगरपालिकामा पहिरोका कुनै घटना नै अभिलेखित भएन भने भोट खोला गाउपालिकामा ४ वटा पहिरोका घट्ना भए पनि कुनै क्षति भएन । विगत दश वर्षमा खाँदबारी र सिलिचोङमा पहिरोको प्रभाव बढि रह्यो । आगामी दिनमा मकालु गाउँपालिका पहिरोको जोखिममा रहेको देखिन्छ।

सिलिचोङ -१ बेसिन्दा र पिङमाङ केन्द्रित भारी वर्षाका कारण पहिरोको सुरुआत हुदा २०७७/०३/२७ राति ११ बजे बेसिन्दामा गएको पहिरोले ११ जनाको मृत्यू भइ आसपासका घरहरु पहिरोको जोखिममा पर्दा बेसिन्दा गाउँ विस्थापित भएको थियो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को अध्ययन प्रतिवेदन अनुसार पिङमाङ सेट, बेसिन्दा चेप्चेपेमा रहेको स्वास्थ्य चौकी तथा हुलाक कार्यालय भवन नेवाखोला देब्रेपट्टि रहेको मालिका मा.वि. भवन लगायत कमलीखोला र सिसुवा खोलाको तल्लो तटीय क्षेत्रमानयाँ संरचना निमार्ण गर्न नहुने गरि पहिरोको जोखिममा रहेका छन्। यि क्षेत्रका विस्थापित घरपरिवारहरुलाई १. तिवाटार २. बखल्टुको उत्तरी क्षेत्र र ३. चित्रे मा पुनर्थापना गर्न सकिने सिफारिस भए बमोजिम सिलिचोङ-१ बेसिन्दाबाट विस्थापित भएका ९७ घर परिवार मध्ये ५५ परिवारलाई खाँदबारी नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा गठित समितिको अध्ययन सिफारिसको आधारमा खाँदबारी-७ भैरे डाडामा पुनस्थापनाको काम भई सकेको छ। यस्तै २५ घर परिवारलाई सिलिचोङ-१ को चित्रेमा र १२ परिवारलाई ऐ. बखल्टुमटारमा तथा अन्य ५ परिवार आफुखुसी आफ्नै सुरक्षित स्थानमा पुनर्निर्माण गरि पुनस्थापन भएका छन्। २०८३ साल जेठमा मकालु गाउँपालिका वडा नं. २ सेदुवामा २ वटा घरहरु पहिरोको उच्च जोखिममा रहेका छन्।

प्रमुख जिल्ला अधिकारी

ख) बाढी

नेपाल कै सर्वभन्दा ठूलो सप्तकोशी नदीका ७ वटा सहायक नदीहरु मध्येको प्रमुख अरुण नदी,वरुणनदी सहित सभा, शंखुवा, हेवा, सभा,पिलुवा,मार्या,हेवाँ,लंखुवा, ठोकुवा, कागुवा, ओरङ, गोपिनी, सिसुवा, खड्लुवा वावुवा, खेकुवा, इसुवा, कुसुवा, ईखुवा, पिखुवा, काँसुवा, ईप्सुवा, आप्सुवा, पावा, तिजु, खाइदा, थोगुम खोलाहरु र नदीहरु यस संखुवासभा जिल्ला भएर बग्दछन्। अधिकाँस ठाडा खोला नदी र सर्वभन्दा बढी जलाधार क्षेत्र भएकोले बाढी पहिरोका घटनाहरु भइरहने गरेका छन् ।

संखुवासभाका ७६ वडाहरु मध्ये विगत १० वर्षमा २१ वडाहरु बाढीको प्रकोपबाट प्रभावित भए भने ५५ वटा वडाहरुले बाढीको क्षति व्यहोर्नु परेन । विगत १० वर्ष चिचिला र सिलिचोङ गाउपालिकाहरु बाढीको प्रभावबाट मुक्त रहे।

ग) चट्याङ

विश्वमै चट्याङका ३ हटस्पट मध्येमा नेपाल पनि पर्दछ । यस जिल्लाको मानवीय क्षति गर्ने प्रमुख प्राकृतिक प्रकोप मध्येमा चट्याङ पनि पर्दछ । विगत १० वर्षमा ७६ वटा चट्याङका घटना भएका र यसका कारण १४ जनाको मृत्यु, ४२ जना घाइते भएका छन् । ५ करोड भन्दा बढी आर्थिक क्षति भएको अनुमान छ ।

घ) हावाहुरी

यस जिल्लाको धर्मदेवीका वडा नं २, ४, ६, ८ र ९ चैनपुर नगरपालिकाका वडा नं १, ७ र १० पाँचखपन नगरपालिकाका वडा नं. १ र ९ तथा खाँदबारी नगरपालिको वडा नं ७ हावाहुरीको जोखिममा रहेको विगतका अनुभवको देखाइएको छ । विगत १० वर्षमा यि स्थानमा मात्रै हावाहुरीका घटना भएका र यसको असर परेको देखिएको छ ।

च) भारी वर्षा

विश्व उष्णीकरण र जलवायु परिवर्तनका कारण वर्षाको प्रवृतिमा परिवर्तन हुँदा अनावृष्टि अतिवृष्टि हुने हुँदा जनजीवन अस्तव्यस्त हुने गरेको छ । यस जिल्लामा विगत १० वर्षमा २२ वटा भारीवर्षाका घटना भएका र यसका कारण खाँदबारी नगरपालिकामा ३ जना घाइते भएका छन् भने ७ भौतिक संरचनाहरुको क्षति भएका छन् । करिव ४ लाख बराबरको आर्थिक क्षति भएको छ।

## २.२ विगतको मनसुनजन्य विपद्का घटनाको विश्लेषण

गृह मन्त्रालय अर्न्तगत राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना भएपछि वि.सं. २०६८ सालबाट उक्त केन्द्रमा विपद्का घटना र तिनबाट भएका क्षतिको अभिलेखीकरण गर्न सुरु गरीयो । यसरी अभिलेखित तथ्याङ्कलाई केलाउँदा विगत १० वर्ष (२०७३ वैशाख देखि २०८२ चैत्रसम्म) को अवधिमा यस जिल्लामा मनसुनको दौरान ४९ वटा बाढी, १४६ पहिरो र २२ वटा भारी वर्षाका घटनाहरु घटेको देखिन्छ । यी तीन घटनाहरुबाट मात्र १३ जनाको मृत्यु हुनुका साथै ३१ जना बेपत्ता र २३ जना घाइते भएको तथ्याङ्कले देखाउँछ। त्यस्तै उक्त अवधिमा ५७ संरचनाहरुमा क्षति पुगेको पाइन्छ । यो बाहेक नै २०७७ सालमा सिलिचोङ पहिरो पिडित ९७ परिवारलाइ स्थानान्तरण गर्नु परेको थियो ।

२०८० सालको मनसुनको सुरु मै असार २ गतेका दिनको हेवा खोलाको बाढि र पहिरोमा परेका २० जना मध्ये १ जनाको लास फेला पर्यो बाँकी १९ को अवस्था अझै अज्ञात रहेको छ । २०८१ सालमा पनि मनसुन सुरु हुनु अगावै जेठ ५ गते ७२ भेडाहरु चट्याङबाट मरे । यसरी विगत देखि नै सङ्खुवासभा जिल्ला विपदको उच्च जोखिममा रहदै आएको र अझ पनि जोखिम कायम रहेको अवस्था छ । मिति २०८३ जेठ महिनामा मकालु गाउँपालिका वडा नं. ५ करिब २०० भेडा पहिरोले पुरेको छ।

## खण्ड (३)

## ३. मनसुन पूर्वानुमान

दक्षिण एसियाको महत्त्वपूर्ण वायु प्रणाली र मनसुनी हावापानीको क्षेत्रमा नेपाल अवस्थित छ मनसुनी वायु प्रणाली हिन्द महासागरमा विकास भई बङ्गालको खाडी हुँदै दक्षिण पूर्वी दिशाबाट नेपालमा प्रवेश गर्दछ। कुल वार्षिक वर्षाको लगभग ८० प्रतिशत मनसुनी वर्षाको रुपमा जेठदेखि असोजसम्मको अवधिमा हुने गर्दछ भने बाँकी २० प्रतिशत वर्षा हिउँदको ८ महिनामा पश्चिमी वायु र स्थानीय वायु प्रणालीका कारण हुने गर्दछ। यसरी छोटो अवधिमा निरन्तर र ठूलो मात्रामा भएता पनी अफसिजनमा हुने भारि वर्षाले विपदको रुप लिने सक्ने देखिन्छ।

यस वर्ष औषत भन्दा कम वर्षा हुने पुर्वानुमान जल तथा मौसम विज्ञान विभागले गरेको छ। विगतका अनुभवहरुके आधारमा संखुवासभा अधिक वर्षा हुने जिल्लामा पर्छ। पुर्वानुमानका हिसाबले यस वर्ष कम वर्षा हुने देखिएको छ । यसै आधारमा पनि यस वर्ष सङ्खुवासभा जिल्लामा मनसुनजन्य विपद मध्ये पहिरोको जोखिम सामान्य रहने र मनसुनजन्य विपदबाट ७६२६ व्यक्ति, १५२५ घर परिवार प्रत्यक्ष प्रभावित हुन सक्ने आँकलन जल तथा मौसम विज्ञान विभागले गरेको छ। मनसुनपूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयमा फोकल पर्सन तोकी निज मार्फत सबै स्थानीयतहका विपद फोकल पर्सनसँग समन्वय र सहकार्य गरिनेछ। यद्यपी जलवायुमा आएको फरक परिदृष्यले गर्दा सानो-सानो क्षेत्रहरुमा अतिवृष्टि/अनावृष्टि हुने सम्भावना रहने हुँदा विगत केही वर्ष देखि जोखिम बढिरहेको देखिन्छ।

## ३.१ वर्षा तथा हावापानीको आँकलन

### ३.१.१ वर्षाको पूर्वानुमान

२०८३ को मनसुन अवधि २०८३ जेठ १९ देखि असोज १४ (June-September 2024) सम्म रहने र सो अवधिमा देशका अधिकांश स्थानहरुमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको र कोशी प्रदेशको दक्षिणी भूभागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ५५% देखि ६५% रहेको आँकलन सहित जलतथा मौसम विज्ञान बिभागले यो नक्सा प्रकाशित गरेको छ।




चित्र १: २०८३ को मनसुन सिजनको वर्षा (सरदर भन्दा कम वा सरदर वा सरदर भन्दा बढी) सर्वाधिक सम्भावना (highest probability) (%)

## ३.२ तापक्रमको पूर्वानुमान




चित्र २: २०८३ को मनसुन ऋतुको अधिकतम तापक्रम (सरदर भन्दा कम वा सरदर वा सरदर भन्दा बढी) को सर्वाधिक सम्भावना (highest probability) (%)

यस मनसुन अवधिमा अधिकतम तापक्रम देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी हुने सम्भावना ४५% देखि ५५% रहेको छ भने कोशी प्रदेशको पूर्वी तथा दक्षिणी भू-भागमा सरदर भन्दा बढी रहने सम्भावना ५५% देखि ६५% रहेको त्यसैगरी न्यूनतम तापक्रम देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी हुने सम्भावना ४५% देखि ५५% रहेको आँकलन सहित जलतथा मौसम विज्ञान विभागले यी नक्सा प्रकाशित गरेको छ। नेपालको नक्सामा यस वर्षको तापमनको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ।




चित्र ३: २०८३ को मनसुन ऋतुको न्यूनतम तापक्रम (सरदर भन्दा कम वा सरदर वा सरदर भन्दा बढी) को सर्वाधिक सम्भावना (highest probability) (%)

## ३.३ विपद व्यवस्थापनको उपाय

२०८३ मा संखुवासभा जिल्लामा औषत भन्दा कम पानी पर्ने भनि पूर्वानुमान गरिएको छ। बर्षाका साथै तापमानमा पनि वृद्धि हुने भएको हुँदा पहिरोको उच्च जोखिम नरहेको अनुमान गरिएको छ। यो अवस्थामा आगामी बर्षहरुमा पनि आउन सक्ने स्वाभाविक संभावना समेतलाई ध्यानमा राखेर मनसुनजन्य क्षति न्यूनिकरण गर्नका लागि निम्न उपायहरुको सिफारिस र निर्देशात्मक निर्णयहरु गरिएको छ।

१. प्रत्येक बर्ष तीनै तहका सरकार र सम्पूर्ण सरोकारवालाहरुले प्राथमिकताका साथ जेठको दोश्रो र तेश्रो हप्तालाई राजमार्ग लगायत शाखा सडकहरुमा नाली सफा गर्ने, पानीको निकास खोल्ने र अन्य परम्परागत ढल सफा गरि पानी व्यवस्थापन गर्ने अभियान अवधिको रुपमा घोषणा नै गरि कार्यान्वयनमा ल्याउने।
२. सो राजमार्ग र सडक नाली सफा गर्ने, पानीको निकास खोल्ने र परम्परागत भल सफा गरि पानी व्यवस्थापन गर्ने अभियान सञ्चालनको अनुगमन समेत गर्ने।
३. यस बर्षका लागि यहि कार्य गर्नका लागि विपद व्यवस्थापन समितिको बैठकबाटै आह्वान गरिएकोमा राष्ट्रिय राजमार्गका विभिन्न खण्डहरु र उत्तर दक्षिण कोशी राजमार्गले एक चरणको काम गरिसकेको देखिएको छ। यसलाई बर्षाको अवधि भरि निरन्तर गरिरहन निर्देशन गरिएको छ।
४. त्यसैगरि विपद पछिको खोज उद्दार र राहतका लागि आवश्यक औजार उपकरण जनशक्ति र न्यूनतम राहत रकम कोषमा मौज्दात राख्नु आवश्यक छ। यस बर्षका लागि उद्दार र राहत सामाग्री उपलब्ध गराई दिन प्रदेश तथा संघीय सरकारसंग अनुरोध गरि सकिएको छ।
५. स्थानिय र जिल्लामा न्यूनतम जनशक्ति र कोष मौज्दात रहेको छ।
६. विपद व्यवस्थापनका लागि संभावनाको नजिकको विश्लेषण सहितको योजना बनाई कार्यान्वियन गर्नु आवश्यक छ। यस बर्षका लागि यो योजना तयार छ।
७. आगामी बर्षहरुमा पनि सबै स्थानीय तहहरुले समेत प्रत्येक बर्षको योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ।
८. सम्पूर्ण सरोकारवाला निकाय सम्मिलित भई मनसुनजन्य विपद्मा खोज, उद्दार, प्राथमिक उपचार, राहत वितरण, पुनःस्थापना सहितको Simulation Exercise 'अभ्यास' सञ्चालन गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

## ३.४ जोखिमस्थलको आकलन

उल्लिखित पूर्वानुमान र विगतमा घटनाहरुको विश्लेषण र स्थलगत अवस्थाको आधारमा निम्न स्थानहरुलाई जोखिमस्थलको रुपमा आँकलन गरिएको छ।

| सिनं | प्रकोपको किसिम | जोखिमका स्थलहरु |
|---|---|---|
| १ | पहिरो | • भोटखोला गाउँपालिका - वडा नं. सवै<br>• मकालु गाउँपालिका - वडा नं. सवै<br>• खाँदबारी नगरपालिका - वडा नं. १ का केहि स्थान, २ चेवावेसी, बेतेनी, ५ माल्टा, ८ पिप्ले, १० पहरेगाउँ, सुनखानी, ११ कात्तिके<br>• पाँचखपन नगरपालिका - वडा नं. ३ फच्याङ, वडा नं. ८ कल्लेरी, घुडखुरुड, सुनखानी, लिङलिङ, पोखाङ ७ सँगम टोल, वडा नं.१ हाडीखर्क<br>• चैनपुर नगरपालिका - वडा नं.१, १०दुम्बटा, ११ खहरे, सलटारी, ४ नं. प्याङकोट<br>• धर्मदेवी नगरपालिका - वडा नं. ३ ओखे, टाकुरे, वेउराली, फङ्टिार<br>• चिचिला गाउँपालिका - वडा नं.२आले, ५ देवीटार, वडा नं.१,३,४<br>• मादी नगरपालिका - वडा नं. ६ पुलुङ, ४ ओखरबोटे<br>• सिलिचोङ गाउँपालिका - वडा नं. १ वेसिन्दा<br>• सभापोखरी गाउँपालिका – वडा नं.२ गोठगाउँ |
| २ | डुवान | • खा.न.पा. ९ तुम्लिङटार,<br>• चैनपुर न.पा. १० दुम्कटा, लेरिङ, मिलुवा । |
| ३ | कटान | • खा.न.पा. २ चेवावेसी अरुण नदीको किनार साईड, खा.न.पा.११ हेलुवावेसी, पिङखुवा दोभान,<br>• चैनपुर न.पा.१० लेलिङ मिलुवा । |
| ४ | हावाहुरी | • भोटखोला गाउँपालिका सवै<br>• मकालु गाउँपालिका सवै<br>• खाँदबारी नगरपालिका-वडा नं.९सवै, २सवै, ३ मानेभञ्ज्याङ, १० चौकीडाँडा<br>• धर्मदेवी नगरपालिका-१ तेल्लोक, महाभीर, २ तामाफोक, ३ मुढेशनिश्वरे, टुटेदेउराली<br>• पाँचखपन नगरपालिका-१ देखि ९सम्म सामान्य हुने<br>• सिलिचोङ गाउँपालिका-१ र २<br>• सभापोखरी गाउँपालिका-१ धुपु<br>• चैनपुर नगरपालिका-१० खराङ<br>• चिचिला गा.पा. सवै |

| | | |
|---|---|---|
| ५ | चटयाङ | • भोटखोला गाउँपालिका सबै<br>• मकालु गाउँपालिका सबै<br>• खाँदवारी नगरपालिका-वडा नं. ५ मान्टा, १० सिरिसे<br>• धर्मदेवी नगरपालिका-१ तेल्लोक, महाभीर, २ तामाफोक, ३ मुडेशनिश्चरे, टुटेदेउराली<br>• पाँचखपन नगरपालिका-२ कटहरे, ६ भिरकुना<br>• मादी नगरपालिका-३ देखि ८ सम्म<br>• चैनपुर नगरपालिका-१० काफलडाँडा, ८ बानेश्वर<br>• चिचिला गा.पा सबै |
| ६ | असिना | • जिल्ला भरी |

## ३.४.१ प्रमुख नदीहरु एंव खोलाहरुले क्षति गर्न सक्ने स्थानहरु

| सिन. | खोला/नदीको नाम | विगतमा प्रभावित र, आगामी दिनमा प्राभाव पर्ने सक्ने क्षेत्रहरु |
|---|---|---|
| १ | अरुण नदी | भोटखोला, सिलिचोङ, मकालु गा.पा. र खाँदवारी, चैनपुर धर्मदेवी, न.पा. |
| २ | बरुण नदी | भोटखोला, मकालु गा.पा. |
| ३ | सभाखोला | सभापोखरी, गा.पा. र पाचँखपन, खाँदवारी, चैनपुर न.पा. |
| ४ | पिलुवा खोला | मादी, चैनपुर, धर्मदेवि न.पा. |
| ५ | मायाँखोला | मादी, धर्मदेवि न.पा. |
| ६ | हेवाँखोला | पाचँखपन, चैनपुर न.पा. |
| ७ | लंखुवा, ठोकुवा, कागुवा, ओरङ, गोपिनी खोला | चिचिला गा.पा |
| ८ | संखुवा, सिसुवा, खड्लुवा, बाखुवा खोला | सिलिचोङ गा.पा. |
| ९ | खेकुवा, कुसुवा खोला, चिखुंवा खोला | पाँचखपन न.पा. |
| १० | ईखुवा, मिखुवा, कौसुवा, ईप्सुवा, आप्सुवा, पावा खोला | मकालु गा.पा. |
| ११ | तिजु, खाइदा, चोगुम खोला, चकान, छुजुङ | भोटखोला गा.पा. |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

## खण्ड (४)

## ४. विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी मुख्य जिम्मेवारी

विपद व्यवस्थापन कुनै एउटा निकायको मात्र प्रयत्नबाट संभव छैन। विपदलाई निम्त्याउने प्रकोपका घटना अनेक छन्। यसका असर र प्रभाव पनि फरक नै हुन्छन्। त्यसैले प्रकोपको जोखिम न्यूनीकरण विपदको क्षति न्यूनीकरणका लागि अनेक निकाय र पक्षहरुले अलग अलग वा संयुक्त रुपमा प्रयत्नहरु गरिनु आवश्यक छ। यसै सन्दर्भमा जिल्ला स्तरमा हाल विद्यमान रहेका निकाय तथा इकाइहरुको भूमिकालाई निम्न बमोजिम उल्लेख गरिएको छ।

### ४.१ स्थानीय सरकारहरु

१. आफ्नो पालिकाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने।
२. स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र समितिको क्रियाशीलताका लागि जिम्मेवारी बाँडफाँड र नियमित बैठक बस्ने व्यवस्था गर्ने ।
३. मनसुन विपद् प्रतिकार्यको निमित्त जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र आवश्यकता अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गर्ने।
४. पालिकामा मनसुन विपदको दौरान आवश्यक पर्ने खोज तथा उद्धार र राहतसामग्रीहरूको व्यवस्थापन गर्ने। ढुंगा, गिटी, बालुवा थुप्रिएर जोखिममा रहेका भौतिक संरचना (पुल, पुलेसा, सडक) हरुको सुरक्षाका लागि तत्काल थुप्रिएका सामग्रीहरु नियमानुसार हटाउने व्यवस्था गर्ने ।
५. पालिका तहमा मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।
६. विपद्को घटना घटेको स्थलमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने ।
७. पालिकामा अति विपन्न र संकटासन्न समुदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।
८. मनसुनजन्य विपद्को दौरान असरदार प्रतिकार्यको लागि पालिका अन्तर्गत रहेका साधन स्रोत परिचालन गर्ने ।
९. आवश्यकता अनुसार मनसुन पूर्वतयारी तथा प्रतिकार्यको निमित्त पालिकामा रहेका सरकारी गैर सरकारी निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघ, संस्था र स्थानीय समुदायसँग सहकार्य र समन्वय गर्ने ।
१०. मनसुनजन्य जोखिमका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
११. विपद्का कारण विस्थापितका लागि तुरुन्त खाद्यान्न, सरसफाइ र अस्थायी आवास तथा औषधोपचारको व्यवस्था मिलाउने।
१२. विपदमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातहरूको एकिन तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था मिलाउने।
१३. स्थानीय तहका प्रत्येक वडाहरूमा नेपाल सरकार गृह मन्त्रालयद्वारा निर्दिष्ट गरिएको विपद् प्रतिकार्यका न्यूनतम खोज तथा उद्धारका सामग्रीको आवश्यक सेट तयार गरी उपलब्धताको सुनिश्चितता गर्ने ।

प्रमुख जिल्ला अधिकारी

## ४.२ जिल्ला प्रशासन कार्यालय

१. जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।
२. कम्तीमा ५० जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री सहित तयारी अवस्थामा राखेको।
३. आपत्कालीन आश्रयस्थल, खाद्यान्न, पोषण, लैंगिक संवेदनशीलता जस्ता विषयहरू समेतको ख्याल गरी पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने ।
४. आवश्यकता अनुसार पर्याप्त मात्रामा खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गरी मौज्दात राख्न समन्वय गर्ने।
५. राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा प्रबन्ध गर्ने ।
६. सबै विषयगत क्षेत्रका नेतृत्व र सहनेतृत्व (Cluster Lead & Co-Lead) गर्ने निकायहरूलाई तयारी अवस्थामा राख्ने / राख्न लगाउने ।
७. विपद्को घटना घटिहालेमा घट्ना स्थलमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने ।
८. स्थानीय तहहरुसंग समन्वय गरी जिल्ला तहमा अति विपन्न र संकटासन्न समुदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।
९. सम्बद्ध सबै पक्षहरु बीच समन्वय र बैठक गरी नाला तथा ड्रेनेजहरु सफा गरी पानीको प्राकृतिक बहावलाई कायम गराउने ।
१०. विपद्को घटना हुने बित्तिकै खोज तथा उद्धारका लागि उद्धारकर्मी परिचालन गर्ने र तत्काल प्रभावितहरूलाई राहत उपलब्ध गराउने प्रबन्ध मिलाउने।
११. विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालाबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने ।
१२. विपद्को प्रभावसँग सम्बन्धित तथ्याङ्क संकलन तथा एकिन गर्ने कार्यलाई महत्त्वका साथ ध्यानमा राखी उक्त तथ्याङ्कमा हरसम्भव शुद्धता ल्याउने ।
१३. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई जनशक्ति र स्रोतसाधन सहित चौबिसै घण्टा सञ्चालनमा ल्याउने।
१४. चीनसँग जोडिएका जलाधार क्षेत्रहरु र चीनको भूभागमा हुनसक्ने हिमताल विस्फोटन, नदी थुनिने जस्ता समस्याहरूको र यसबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नियमित सूचना लिने र निगरानी गरी आवश्यक समन्वय गर्ने ।

## ४.३ सुरक्षा निकायको जिम्मेवारी

### ४.३.१ नेपाली सेना (श्री इन्द्रदल गुल्म)

१. जिल्लामा नेपाली सेना मातहत तैनाथ युनिटका अधिकृतलाई विपद् सम्पर्क व्यक्ति (Disaster Focal Person) तोक्ने । विपद् पूर्वतयारीको लागि आवश्यक सामग्री तथा औजार उपकरणको व्यवस्था मिलाउने ।
२. सम्भावित विपद्को प्रकृति अनुरूप तयारी अवस्थामा राखिएको फौजलाई स्रोतसाधन र सीपयुक्त बनाउने ।
३. मनसुनजन्य विपद् जोखिमको अनुगमन विश्लेषण गरी सर्वसाधारणका लागि उपयुक्त हुने खालका जानकारीमूलक विपद् व्यवस्थापन सम्बन्धी सूचना सामाजिक सञ्जालमा राख्ने।

४. विपद्का घटनाबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्ने।
५. खोज तथा उद्धार कार्यको लागि आवश्यक दक्ष जनशक्ति, स्वास्थ्यकर्मी तथा सामग्रीहरू तयारी अवस्थामा राख्ने।
६. जिल्ला स्तरमा मनसुनजन्य विपद्का घटना सम्बन्धी प्रतिकार्य योजना तयार गरी सम्भावित विपद् घटनाको (बाढी, पहिरो, डुबान) पूर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।
७. विभिन्न सुरक्षा निकाय तथा संघ संस्थासँग संयुक्त र अलग अभ्यास गर्ने ।
८. सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन जिल्ला र स्थानीय विपद् व्यवस्थापन समिति सँग निरन्तर सञ्चार र समन्वय गर्ने ।
९. सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्धार सामाग्रीसहितको दक्ष (तालिम प्राप्त) जनशक्ति तयारी अवस्थामा राखे ।
१०. आवश्यकता अनुसार हवाइ उद्धारको समेत समन्वय गर्ने ।

## ४.३.२ नेपाल प्रहरी

१. प्रकोपजन्य घटनाहरूको सूचना संकलनका लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र आवश्यक दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने ।
२. जनशक्तिलाई उपलब्ध उद्धार सामग्रीहरू तथा व्यक्तिगत सुरक्षा सामग्री (PPE) को प्रयोग आदि सम्बन्धी प्रशिक्षण दिने ।
३. जिल्लामा रहेका सरकारी/ गैरसरकारी निकायहरूको विवरण र स्थानीय तहमा वडा स्तरसम्म जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरूको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने।
४. सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक सवारीसाधन औजार, उपकरण तथा उद्धार सामग्री सहितको दक्ष (तालिम प्राप्त) जनशक्ति तयारी अवस्थामा राख्ने।
५. सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर सञ्चार र समन्वय गर्ने ।
६. आपत्कालीन योजना तयार गरी खोज तथा उद्धार टोलीलाई समय समयमा अभ्यास गराउने ।
७. प्रकोपजन्य घटनाहरुको सूचना संकलनका लागि सम्पर्क व्यक्ति Disaster Focal र आवश्यक दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने ।
८. जिल्ला स्तरमा मनसुनजन्य विपद्का घटना सम्बन्धी प्रतिकार्य योजना तयार गरी सम्भावित विपद् घटनाको (बाढी, पहिरो, डुबान) पूर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।
९. स्थानीय तह विपद् व्यवस्थापन समितिहरु, जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, रेडक्रस, सम्बन्धित संघसंस्थाहरु, आम नागरिक, स्थानीय युवाक्लब आदि सँग समन्वय तथा सहकार्य गर्ने ।
१०. विपद् व्यवस्थापन समितिहरुसँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । स्थानीय रेडियो तथा एफ.एम. हरुबाट जनचेतनामूलक सामाग्रीहरु प्रसारण गर्ने ।
११. विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने ।
१२. विपद् व्यवस्थापन समितिहरुसंगको सहकार्यमा मनसुनजन्य विपद् खोज तथा उद्धारसँग सम्बन्धित पूर्वतयारी गर्ने। मनसुनजन्य खोज तथा उद्धारसँग सम्बन्धित स्रोतसाधनहरुको व्यवस्थापन गर्ने ।
१३. जोखिमयुक्त स्थानहरुको नक्सांकन गरी स्रोतसाधन तयारी अवस्थामा राख्ने।

१४.प्रकोपजन्य घटनाहरुको सुचना संकलन तथा उद्धार प्रतिकार्यलाई छिटो छरितो बनाउनका लागि स्थानीय तहमा वडा स्तर सम्म निर्वाचित जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरुको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने ।

१५.विपद्को समयमा विस्थापितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने स्थानहरुको पहिचान गरि त्यस्ता स्थानहरुको अभिलेख र स्थानको क्षमता अध्यावधिक गरि राख्ने ।

१६.विभिन्न सुरक्षा निकाय तथा संघ संस्थासँग संयुक्त र अलग अभ्यास गर्ने ।

१७.सरोकारवाला निकायहरुसँगको समन्वयमा पुर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन जिल्ला र स्थानीय विपद् व्यवस्थापन समिति सँग निरन्तर सञ्चार र समन्वय गर्ने ।

१८.सम्भावित क्षति न्यूनिकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्धार सामाग्रीसहितको दक्ष (तालिम प्राप्त) जनशक्ति तयारी अवस्थामा राख्ने ।

### ४.३.३ सशस्त्र प्रहरी बल नेपाल

१. सशस्त्र प्रहरी बल, नेपालका जिल्लाका विभिन्न स्थानमा रहेका बेश र कार्यालयहरूमा उपलब्ध खोज तथा उद्धारका उपकरणहरू सहित आवश्यक जनशक्ति तुरुन्त परिचालन गर्न सक्ने हालतमा चौबिसै घण्टा तयारी हालमा राख्ने व्यवस्था मिलाउने ।

२. समुदायमा आधारित विपद् व्यवस्थापन तालिमलाई निरन्तर रूपमा सञ्चालन गर्ने।

३. सशस्त्र प्रहरी बल, नेपालका विभिन्न इकाइहरूमा गैह खाद्य राहत सामग्रीहरू (लत्ताकपडा, पाल, त्रिपाल) भण्डारण गर्ने ।

४. विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई कार्यरत कार्यालयहरूबाट नियमित रूपमा विपद् व्यवस्थापन अनुशिक्षण तालिम उपलब्ध गराउने।

५. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूमा समन्वयका लागि सञ्चार तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहारूलाई खटाउने। साथै विपद् व्यवस्थापनसँग सरोकार राख्ने सबै निकायहरुसंग समन्वयकालागि गुल्म एवं बेशहरुमा Disaster Focal Person तोकी निरन्तर समन्वाय गर्ने ।

## ४.४ डिभिजन सडक कार्यालय, तुम्लिङटार

१. मनसुनको अवधिमा हुने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट तयारी अवस्थामा राखे ।

२. बन्दै गरेका र बनिसकेका सडकनालीहरुमा पानीको बहाव रोक्ने माटो वा अन्य फोहोर तत्काल सोरि सफा गर्ने व्यवस्था मिलाउने ।

३. राष्ट्रिय राजमार्गमा सम्भावित पहिरोको नजिकै पर्याप्त इन्धन र चालकसहित हेभि इक्युप्मेन्ट, डोजरलाई तयारी अवस्थामा राख्ने ।

## ४.५ उत्तर दक्षिण कोशी सडक योजना

१. मनसुनको अवधिमा हुने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न देखिएका जोखिमयुक्त स्थानमा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट तयारी अवस्थामा राखे ।

२. बन्दै गरेका र बनिसकेका सडकनालीहरुमा पानीको बहाव रोक्ने माटो वा अन्य फोहोर तत्काल सोरि सफा गर्ने व्यवस्था मिलाउने ।

३. निर्माणाधिन उत्तर दक्षिण कोशि राजमार्गमा सम्भावित पहिरोको नजिकै पर्याप्त इन्धन र चालकसहित हेभि इक्युप्मेन्ट, डोजरलाई तयारी अवस्थामा राख्ने ।

## ४.६ अन्य सडक आयोजनाहरु

१. मनसुनको अवधिमा हुने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न देखिएका जोखिमयुक्त स्थानमा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट तयारी अवस्थामा राखे ।

२. बन्दै गरेका र बनिसकेका सडकनालीहरुमा पानीको बहाव रोक्ने माटो वा अन्य फोहोर तत्काल सोरि सफा गर्ने व्यवस्था मिलाउने ।

३. आयोजनाको सडकखण्डभित्रको सम्भावित पहिरोको नजिकै पर्याप्त इन्धन र चालकसहित हेभि इक्युप्मेन्ट, डोजरलाई तयारी अवस्थामा राखे ।

## ४.७ सिंचाइ डिभिजन कार्यालय

१. सम्झौता भइ निर्माण कार्य सुरू गरिसकेका भौतिक निर्माणका पूर्वाधारहरूमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न अत्यावश्यक कार्यहरू सिघ्र सम्पन्न गर्ने ।

२. बाढी, पहिरोबाट जोखिम हुन सक्ने स्थानहरूको पहिचान गरी प्राविधिक रूपमा प्राथमिकिकरण गर्ने र तत्कालीन समस्या समाधानका लागि आवश्यक स्रोतहरू (निर्माण सामग्री, मानव संसाधन) को व्यवस्थापन गर्ने ।

३. बाढि पहिरोबाट क्षति पुगेमा तत्काल संचालन ल्याउन सक्ने गरि आवश्यक पुर्व तयारी गर्ने ।

४. मनसुनजन्य विपद्को प्रतिकार्यको लागि यस विभाग

५. जिल्लाभरमा नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यहरूको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद तथा भण्डारण गर्ने ।

## ४.८ डिभिजन वन कार्यालय

१. गल्छी, पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू-क्षय नियन्त्रणका कार्यक्रमहरू कार्यान्वयन गर्ने

२. विपद जोखिमबारे विभिन्न कार्यक्रम मार्फत भू-तथा जलाधार संरक्षण सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

३. विपदबाट प्रभावित परिवारहरुको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने।

## ४.९ नेपाल रेडक्रस सोसाइटी

१. नेपाल रेडक्रस सोसाइटीद्वारा गैह्र सरकारी क्षेत्र र निजी क्षेत्रका मानवीय क्षेत्रमा जिल्ला तथा स्थानीय तहमा रहेका विपद व्यबस्थापन समितिहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने ।

२. विपद् प्रतिकार्य पूर्वतयारीका लागि नेपाल रेडक्रस सोसाइटीका १० वटै उप शाखाहरूलाई सचेत (अलर्ट) पत्र पठाउने ।

३. नेपाल रेडक्रस सोसाइटीको जिल्ला शाखामा रहेका विषयगत दक्ष जनशक्तिहरूको विवरण अद्यावधिक गरी आवश्यकता अनुसार जिल्लामा घट्ने विपद्का घटनामा परिचालन गर्नसक्ने गरी तयारी अवस्थामा रहन सहजीकरण गर्ने ।

४. नेपाल रेडक्रस सोसाइटीद्वारा द्रुत-विस्तृत (IRA/Detail Assessment) लेखाजोखा, लाभग्राही छनौट, प्रतिकार्य विश्लेषण र राहत व्यवस्थापन गर्ने ।

५. नेपाल रेडक्रस सोसाइटी, विभिन्न विकास साझेदार संस्थाहरुले प्रत्येक स्थानीय तहका उपशाखाहरुमा २० का दरले आपत्कालीन आश्रयस्थलका रूपमा टेन्ट र गैर खाद्य सामाग्रीहरु तयारी अवस्थामा राखे ।

६. नेपाल रेडक्रस सोसाइटीद्वारा उपलब्ध स्रोत साधन (आवास, खानेपानी सरसफाइ, गैरखाद्य, स्वास्थ्य, सामग्री। हरू गोदामघरमा पूर्वतयारी अवस्थामा भण्डारण गर्ने ।

७. स्रोत व्यवस्थापनमा सहजीकरणका लागि रेडक्रस अभियानका अंगहरू (रेडक्रस महासंघ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र राष्ट्रिय सोसाइटीहरू। सँग समन्वय एवं अनुरोध गर्ने ।

८. रेडक्रस सोसाइटी जिल्ला शाखाको अगुवाइमा स्थानीय सरकारी तथा सुरक्षा निकायहरूमा प्रभावकारी समन्वयका लागि सहजीकरण गर्ने ।

९. जल तथा मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त सूचना, सन्देश तथा श्रव्यदृश्य सामग्रीहरू रेडक्रसका अंग तथा सञ्जालमा सम्प्रेषण गर्ने ।

१०. जिल्ला तथा स्थानीय तह आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई पूर्वतयारीको निम्ति आवश्यक सूचना व्यवस्थापन सम्बन्धी सहयोग गर्ने।

११. विपद् पश्चातको घटनाहरूको तथ्याङ्क संकलनमा जिल्ला विपद व्यवस्थापन समितिसंग सहकार्य गर्ने र जानकारी उपलब्ध गराउने ।

१२. देशको जुनसुकै स्थानमा सडक अवरुद्ध भएता पनि ३० मिनेटभित्र खुलाउने कार्य सुरु गर्ने गरी उपकरण तथा जनशक्ति तैनाथी अवस्थामा राखे ।

## ४.१० उद्योग बाणिज्य संघ (निजी क्षेत्रको जिम्मेवारी)

१. मनसुनजन्य विपद् प्रतिकार्यको दौरान खाद्य तथा गैह्र खाद्य राहत व्यवस्थापनमा सहजीकरण गर्ने।

२. मनसुनजन्य विपद् प्रतिकार्यको दौरान राहत ढुवानिमा सहजीकरण गर्ने।

३. मनसुनजन्य विपदबाट प्रभावित क्षेत्रहरूमा बजार व्यवस्थापन गरी दैनिक उपभोग्य वस्तु तथा सामाग्रीहरुको आपूर्ति भएको सुनिस्चितता गर्ने।

४. मनसुनजन्य विपद्को दौरान बजारमा हुन सक्ने कृतिम अभाव, कालो बजारी लगायतका अवान्छित गतिविधिलाई नियन्त्रण गर्न बजारको अनुगमन तथा सुपरिवेक्षण गर्ने।

## ४.११ पत्रकार महासंघ (संचार जगत)

१. बाढी, पहिरो तथा पानीजन्य र अन्य विपद् सम्बन्धी सचेतनाका लागि सञ्चार सामग्री तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने ।

२. बाढी, डुवान, पहिरो (सम्भव भएसम्म) को पूर्वसूचना र संक्रामक रोग लगायतका विपद सम्बन्धी सचेतना मुलक सामाग्रिहरु सम्प्रेषण गर्ने ।

३. विपद बारे विभिन्न माध्यमबाट जीवन बचाउन र जीवन निर्वाहका लागि उपयोगी सूचनाहरू सञ्चार माध्यमहरूद्वारा प्रचार प्रसार गर्ने ।

४. विभिन्न किसिमका अफवाहहरुबाट विपद प्रभावितहरुमा भ्रम सिर्जना र कष्ट थपिन सक्ने विषय प्रति सचेत रहदै भ्रम र अफवाहमा नपर्न आम जनमानसलाइ सचेत गराउने ।

प्रमुख जिल्ला अधिकारी

## खण्ड (५)

# ५. विषयगत क्षेत्रको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## ५.१ नेपाली सेना (श्री इन्द्र दल गुल्म) को मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

परिचय

संखुवासभा जिल्लालाई भूकम्प, बाढी पहिरो, आगलागी, हावाहुरी, महामारी, वन्यजन्तु आक्रमण आदिले बहुप्रकोप जोखिमयुक्त जिल्ला बनाएको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति, २०७४ र अन्य योजना, कार्ययोजना तथा लक्ष्यहरुले स्थानीय तहलाई विपद् व्यवस्थापनको लागि जिम्मेवारीहरु दिएको छ। जुन स्थानीय तह अन्तर्गत विपद्जन्य घटना घटेको छ, सोही स्थानीय तह विपद् व्यवस्थापन गर्ने मुख्य जिम्मेवार हुनुका साथै अन्य स्थानीय तहहरुले समेत सहयोगी भूमिका निर्वाह गर्नेछन् । विपद् व्यवस्थापनका लागि स्थानीय तहहरु तथा संघीय र प्रदेश सरकारका विभिन्न निकायबीच समन्वय गर्ने जिम्मेवारी जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला समन्वय समितिको हुन्छ । नेपाली सेना जिल्ला विपद् व्यवस्थापन समितिको अभिन्न अङ्ग भई विपद् व्यवस्थापनको कार्य गर्दै आईरहेको छ ।

१. जिल्ला विपद् व्यवस्थापन समितिको सदस्यको रूपमा यस गुल्मले निम्न कार्यहरू गर्नेछ

- क. जिल्ला विपद् व्यवस्थापन समितिमा रहि कार्य गर्ने ।
- ख. विपद् व्यवस्थापनको लागि गुल्मको स्रोत तथा साधनको परिचालन गर्ने ।
- ग. गुल्म विपद् व्यवस्थापन अपरेशन केन्द्रको सञ्चालन गर्ने ।
- घ. तालुक अड्डालाई निरन्तर प्रतिवेदन गर्ने ।
- ङ. जिल्लाका ७ वटा कार्य समूहहरूसँग नेपाली सेनाको सहकार्यको लागि समन्वय गर्ने ।
- च. सबै कार्य समूहहरुलाई आवश्यक सहयोग तथा परामर्श प्रदान गर्ने ।
- छ. जिल्लाका अन्य सुरक्षा निकायहरुसँग आवश्यक समन्वय गर्ने ।
- ज. सुचना छिटो तथा भरपर्दो माध्यमबाट गुल्म तथा जि.वि.व्य.स.मा संप्रेषण गर्ने "परिशिष्ट ख" ।
- झ. आवश्यकताअनुसार तालुक अड्डा तथा सुचना तथा जनसम्पर्क निर्देशनालयको पुर्व स्वीकृतिमा मिडिया ह्याण्डलिङ्ग गर्ने ।

२. समन्वय, सूचना व्यवस्थापन, खोज तथा उद्धार

यस कार्य समुह विपद्को घटना पश्चात् तत्काल सक्रिय हुन्छ। यसमा मुख्यतः प्रारम्भिक द्रुत खोज तथा उद्धार टोलीको एक अभिन्न अङ्ग भई यस गुल्मका सहायक गुल्मपति कार्य गर्नेछन्। अन्य सुरक्षा निकायहरुको खोज तथा उद्धार टोलीको सम्पर्क, समन्वय, सुचना व्यवस्थापन, खोज तथा उद्धार क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण परिशिष्टमा देखाए अनुसार हुनेछ। खोज तथा उद्धार टोलिले निम्नानुसारका कार्यहरु गर्नेछन्:

१. विपद्को समयमा यथासक्य छिटो परिचालन हुने ।
२. प्रारम्भिक खोज तथा उद्धार कार्य गर्ने ।
३. खोज तथा उद्धार कार्यमा संलग्न टोलिहरुको सुरक्षा तथा व्यवस्थापन गर्ने ।
४. अन्य सुरक्षा निकायहरुबाट खटिएको खोज तथा उद्धार टोलिसँग समन्वय गर्ने ।

५. अन्य सुरक्षा निकायहरुबाट खटिएको खोज तथा उद्धार टोलिबाट माग भएमा सहयोग गर्ने ।

६. गैह सरकारी संस्था तथा अन्तराष्ट्रिय संस्थाहरुसँग खोज तथा उद्धारको कार्यमा सहकार्य गर्ने ।

७. खोज तथा उद्धार कार्यबाट उद्धार गरिएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरि गुल्ममा प्रतिवेदन गर्ने ।

८. नगरपालिका तथा गाउँपालिकाका खोज तथा उद्धार समिति र समुदायका खोज तथा उद्धार समितिसँग समन्वय तथा सहकार्य गर्ने ।

९. नगरपालिका तथा गाउँपालिकाको पुर्व सुचना समिति तथा समुदायका पुर्व सुचना समितिसँग आवश्यक सुचना सङ्कलन गर्ने ।

३. विपद् व्यवस्थापन तालिम गरेका जनशक्तिको विवरण

यस गुल्ममा विपद् व्यवस्थापन तालिम गरेका सकल दर्जाहरुको विवरण निम्न अनुसार रहेको ।

| क्र.सं. | व्य.नं. | दर्जा | नामथर | तालिम |
|---|---|---|---|---|
| १ | २५७४८७ | हुद्दा | शेर बहादुर झाँगड | विपद् व्यवस्थापन तालिम |
| २ | २४०३८२ | अमल्दार | प्रदिप कुमाल | विपद् व्यवस्थापन तालिम |
| ३ | २४६०४४ | अमल्दार | विजय वाग्ले | विपद् व्यवस्थापन तालिम |
| ४ | २४०३७७ | अमल्दार | जिवन सम्बाह्लाम्फे | विपद् व्यवस्थापन तालिम |
| ५ | २४०३७४ | अमल्दार | जिवन श्रेष्ठ | विपद् व्यवस्थापन तालिम |
| ६ | २५७४८६ | अमल्दार | खगेन्द्र श्रेष्ठ | विपद् व्यवस्थापन तालिम |
| ७ | २७४७२२ | अमल्दार | सुनिल कुमार यादव | विपद् व्यवस्थापन तालिम |
| ८ | २७४७३७ | प्युठ | सुरज राई | विपद् व्यवस्थापन तालिम |
| ९ | ३०३५११ | सिपाही | गणेश बडुवाल | विपद् व्यवस्थापन तालिम |
| १० | २९९६७६ | सिपाही | डम्बर बहादुर शाही | विपद् व्यवस्थापन तालिम |

४. पुनर्स्थापना तथा पुनर्निर्माण

विपद्का समयमा क्षतिग्रस्त संरचनाको तत्काल मर्मत सम्भार गरि आवतजावतको सुनिश्चितता गरि पुर्ननिर्माणको लागि आवश्यक स्रोत साधन आइङलन गर्नका साथै पुनर्निर्माण र पुनर्स्थापनाको कार्य गरि सहयोग पु-याउने। नेपाली सेनाबाट तत्कालको लागि कुनै प्रभावित क्षेत्र तथा समुदायलाई लक्षित गरि कुनै पुनर्स्थापना तथा पुनर्निर्माण कार्यको जिम्मेवारी प्राप्त भएमा गुल्मले सक्रिय भुमिका खेल्ने ।

परिशिष्ट "क"

प्रारम्भिक द्रुत खोज तथा उद्धार टोली



## ५.२ जिल्ला प्रहरी कार्यालय, संखुवासभाको मनसुन पूर्वतयारी प्रतिकार्य कार्ययोजना

### विपद्को समयमा प्रहरीको कर्तव्य र भूमिका

प्रहरी ऐन २०१२ को दफा १५ र प्रहरी नियमावली २०७१ मा उल्लेख भएको प्रहरी कर्मचारीको कर्तव्यहरु मध्ये विपद् व्यवस्थपान सम्बन्धी प्रहरी कर्मचारीको कर्तव्यहरु निम्न बमोजिम रहेका छन्।

१. आगोबाट हानी नोक्सानीको बचाउ गर्न सकभर कोशीस गर्ने।
२. जनतालाई दुर्घटना वा खतराबाट जोगाउन सकभर कोशीस गर्ने।
३. प्रहरी महानिरीक्षकको काम कर्तव्य देखि प्रहरी जवानको काम कर्तव्यमा अन्य महत्वपूर्ण कर्तव्यको अलावा दैविप्रकोप परेको अवस्थामा उद्धारका लागि तदारुकतासाथ संलग्न हुने भन्ने स्पष्ट उल्लेख गरीएको छ। यिनै कर्तव्यहरु नै प्रहरी कर्मचारीहरुको विपद व्यवस्थापनका भूमिका पनि हुन ।

- जीउधनको सुरक्षा गर्ने।
- घाईतेहरुको उद्दार गर्ने।
- हराएको व्यक्तिहरुको खोजतलास गर्ने।
- उद्दार कार्यहरुको संयोजन गर्ने।
- सुचना संकलन तथा वितरण।
- मृतकहरुको खोजी तथा पहिचान गर्ने।
- अपराध नियन्त्रण तथा अनुसन्धान गर्ने।
- शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।
- सवारी आवागमनको व्यवस्था मिलाउने ।
- समुदायलाई उद्दार कार्य गर्न उत्प्रेरित गर्ने।
- विस्थापित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागी समन्वय गर्ने।
- पुनःस्थापना तथा पुनर्निमार्णमा सहयोग गर्ने।

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालयहरुमा Disaster Focal Personको रुपमा सिनियर प्रहरी अधिकृत तोक्ने। | जिल्ला प्रहरी कार्यालय | प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय | मनसुन सुरु हुनु पूर्व । |
| २ | मनसुनवाट उत्पन्न हुन सक्ने बाढी, पहिरो, डुवान अस्ता विपद्लाई मध्यनजर गरि आफ्नो कार्यक्षेत्र भित्र पर्ने सम्भावित जोखिमयुक्त स्थानहरुको पुर्व घटनाहरुको विश्लेषण एवं पहिचान गरि सोही अनुसार जनशक्ति तथा आवश्यक उद्धार उपकरणहरु तयारी हालतमा राख्ने र मातहतलाई निर्देशन गर्ने । | जिल्ला प्रहरी कार्यालय | सरोकारवाला सरकारी तथा गैह्र सरकारी निकायहरु। | मनसुन सुरु हुनु पूर्व । |
| ३ | प्रकोपजन्य घटनाहरुको सूचना संकलन तथा उद्धार प्रतिकार्यलाई छिटो छरितो बनाउनका लागि प्रदेश भित्र रहेका स्थानीय तहमा वडा स्तरसम्म निर्वाचित जनप्रतिनिधि लगायत सम्वन्धित व्यक्तिहरुको नाम, सम्पर्क नम्वर संकलन तथा अद्यावधिक गर्ने। | जि.प्र.का,इ.प्र.का.र प्रचौ | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |
| ४ | विपदको समयमा विस्थापितहरुलाई सुरक्षित स्थानमा | जि.प्र.का,इ.प्र.का.र | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| | स्थानान्तरण गर्न सकिने स्थानहरुकोपहिचानगरी त्यस्ता स्थानहरुको अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने। | प्रचौ | | पूर्व । |
| ५ | विपद्को समयमा गरिने खोज तथा उद्धार पुनःस्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि जिल्ला स्थित विपद् प्रतिकार्यसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरु र सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गर्ने | जि.प्र.का.,इ.प्र.का.र प्रचौ | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |
| ६ | जिल्लामा खोज तथा उद्धार प्रतिकार्यका लागि पहिलो चरणमा खट्ने गरी सि.प्र.अ.को कमाण्डमा दैनिक १५ जनाको QRT टोली आवश्यक विपद् खोज तथा उद्धार सामाग्रीहरु सहित तत्काल परिचालन हुनसक्ने गरि २४/७ तयारी अवस्थामा राखिने। आवश्यकता अनुसार थप जनशक्ति परिचालन हुने । | जि.प्र.का | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |
| ७ | मनसुनजन्य विपद्हरुको प्रतिकार्यमा प्रयोगमा ल्याउन सकिने सवारी साधन, उपकरण तथा उद्धार सामाग्रिहरुको विवरण (रहेको स्थान, सम्पर्क व्यक्ति, सम्पर्क नं.) र पँडिमा दक्ष अन्य प्र.क. हरुको संख्या अध्यावधिक गर्ने । | जि.प्र.का.,इ.प्र.का.र प्रचौ | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |
| ८ | जोखिममा रहेका बस्तीहरुको पहिचान गरी सोही अनुसार सूचना सम्प्रेषण गर्न स्थानीय संचार माध्यम प्रयोग गर्ने। | जि.प्र.का.,इ.प्र.का.र प्रचौ | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |
| ९ | उपकरणहरु एंव औजारहरु सहित तत्काल खटिन सक्ने गरि सवै मातहत प्रहरी इकाईबाट प्रहरी टोली स्टेण्डबाईमा रहने। | जि.प्र.का.,इ.प्र.का.र प्रचौ | इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |
| १० | उद्धार तथा पुनःस्थापना कार्यमा खटिदा जोखिममा रहेका समुहहरु (महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति) हरुको विशेष संरक्षणको सुनिश्चितता गर्ने । | जि.प्र.का.,इ.प्र.का.र प्रचौ | जिल्ला प्रशासन कार्यालय, स्थानीयतह,सरोकारवाला सरकारी तथा गैह्र सरकारी निकायहरु,इ.प्र.का. र प्रचौ | मनसुन सुरु हुनु पूर्व । |

## ५.३ विपद् व्यवस्थापनका लागि पालिकागत सुरक्षा जनशक्ति परिचालन कार्ययोजनाः-

| सिनं. | स्थानिय तहको नाम | स्थानीय तहमा भएको विपत सामाग्रीहरु | स्थानिय तहमा भएको हेभि ईक्युपमेन्ट हरु | स्थानिय तहको नजिकको प्रहरी ईकाई | स्थानिय तहको नजिकको प्रहरी ईकाई दुरी | वडा कार्यालयबाट नजिकको प्रहरी ईकाई | विपदमा खटिने जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | खाँदबारी | त्रिपाल १० थान खाली बोरा ५०० थान ह्युम पाईप २६ थान तारजाली ५० थान फायर फक्स प्रत्येक वडामा१/१ | दमकल-१ | जिप्रका | १कि.मि. | जिप्रका | प्रनि सहित ३० जना |
| | | | | | | अप्रपो चेम्बासेसी | जुप्रअ सहित ४ जना |
| | | | | | | प्रचौ मानेभन्ज्याङ | जुप्रअ सहित ४ जना |
| | | | | | | प्रचौ धुपु | जुप्रअ सहित ३ जना |
| | | | | | | जिप्रका | प्रनि सहित ३० जना |
| | | | | | | प्रजिअनि गार्ड | प्रज २ जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | थान स्टेचर प्रत्येक वडामा १/१थान गैति ५ थान बेल्चा ५ थान बाल्टी ५ थान | | | | अप्रविट सुमनचोक | प्रज २ जना |
| | | | | | | बिशुगाई तुम्लिङटार | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ चन्दनपुर | जुप्रअ सहित ३ जना |
| २ | चैनपुर न.पा. | फायर स्टुङगुसर५ थान हम्बर२१ थान गैती६० थान मार्तोल ६४ थान छिनो २७ थान झम्पल ४० थान बाम्फोक (दाउ) १९ थान | जे.सि.बि.-१ टिफर-१ | ईप्रका चैनपुर | ५०० मिटर | ईप्रकागुफापोखरी | जुप्रअसहित ३ जना |
| | | | | | | प्रचौ नुनढाँकी | जुप्रअ सहित ३ जना |
| | | | | | | प्रचौ सिद्धपोखरी | जुप्रअ सहित ३ जना |
| | | | | | | ईप्रका चैनपुर | प्रनि सहित २० जना |
| | | | | | | अप्रपो पिलुवाखोला | जुप्रअ सहित ३ जना |
| | | | | | | प्रचौ खराङ | जुप्रअ सहित ३ जना |
| | | | | | | अप्रपो सभाखोला | जुप्रअ सहित ३ जना |
| ३ | धर्मदेवि न.पा. | बेल्चा ५ थान त्रिपाल ७० थान जस्ता १० पाता, | जेसिबी-१ | प्रचौ मुढेशनिश्चरे | ७०० मिटर | प्रचौ शनिश्चरे | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ याक्खाचोक | जुप्रअ सहित ३ जना |
| | | | | | | अप्रपो पिलुवाखोला | जुप्रअ सहित ३ जना |
| | | | | | | ईप्रका आखिभुई | जुप्रअ सहित ३ जना |
| ४ | मादि न.पा. | नभएको | जे.सि.बि.-१ टिफर-१ | प्रचौ मादिराम्वेनी | ७००मिटर | प्रचौ मंगलवारे | जुप्रअ सहित ३ जना |
| | | | | | | प्रचौ मंगलवारे मादी | जुप्रअ सहित ३ जना |
| | | | | | | अप्रपो पिलुवाखोला | जुप्रअ सहित ३ जना |
| | | | | | | प्रचौ मंगलवारे मादी | जुप्रअ सहित ३ जना |
| | | | | | | प्रचौ नुनढाँकी | जुप्रअ सहित ३ जना |
| ५ | पाँचखपन न.पा. | सेफ्टी ज्याकेट १९ थान सेफ्टी हेलमेट २० थान बेल्चा ३३ थान फरुवा ३३ थान त्रिपाल १०० थान गमबुट १९ जोर गैंति ३५ थान झम्पल ३५ थान | स्काभेटर-१ | प्रचौ बाना | १.५ किमी | ईप्रका बाना | जुप्रअ सहित ५ जना |
| | | | | | | अप्रपो टाईगरचोक | जुप्रअ सहित ३ जना |
| | | | | | | ईप्रका बाना | जुप्रअ सहित ५ जना |
| ६ | भोटखोला गा.पा. | नभएको | - | ईप्रका हटियागोला | ४०० मिटर | इप्रका किमाथांका | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ चुदाम | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ चेपुवा | जुप्रअ सहित ५ जना |
| | | | | | | ईप्रका हटियागोला | जुप्रअ सहित ५ जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रचौ रयाक्सिलागोला | जुप्रअ सहित ५ जना |
| ७ | चिचिला गा.पा. | नभएको | एम्बुलेन्स-१ | प्रचौ चिचिला | ७०० मिटर | प्रचौ चिचिला | जुप्रअ सहित ५ जना |
| | | | | | | अप्रवेस पुखुवाखोला | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ चिचिला | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ वाह्रविसे | जुप्रअ सहित ५ जना |
| ८ | सभापोखरी गा.पा. | त्रिपाल ५० थान | एम्बुलेन्स-१ | प्रचौ वाह्रविसे | १.५ किमि | अप्रपो धुपु | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ वाह्रविसे | जुप्रअ सहित ५ जना |
| ९ | सिलिचोङ गा.पा. | नभएको | - | प्रचौ ताम्कु | १ किमी | प्रचौ सितुवाटार | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ ताम्कु | जुप्रअ सहित ५ जना |
| | | | | | | प्रचौ माइतेवा | जुप्रअ सहित ५ जना |
| | | | | | | ईप्रका याफु | जुप्रअ सहित ५ जना |
| १० | मकालु गा.पा. | नभएको | एम्बुलेन्स-१ | प्रचौ नुम | २०० मिटर | प्रचौ मकालु | जुप्रअ सहित ५ जना |
| | | | | | | ईप्रका हेदाङ्गना | प्रनि सहित १० जना |
| | | | | | | प्रचौ नुम | जुप्रअ सहित ५ जना |
| | | | | | | अप्रवेस फाक्सिन्दा | जुप्रअ सहित ५ जना |
| | | | | | | अप्रवेस आमराङ | जुप्रअ सहित ५ जना |
| | | | | | | ईप्रका याफु | जुप्रअ सहित ५ जना |

प्रमुख जिल्ला अधिकारी

## ५.४. सशस्त्र प्रहरी बल नेपाल न.४ गुल्मको मनसुन प्रतिकार्य कार्ययोजना:-

